वैदेशिक रोजगार न्यायाधिकरण
बबरमहल, काठमाण्डौ

मिति - २०७६।११।२९

च.नं. ८६६२

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६।११।२९

यस न्यायाधिकरणको देहायका कार्य गोप्य शिलबन्दी दरभाउपत्रद्वारा गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र नियमानुसार ईजाजत प्राप्त इच्छुक कम्पनी, फर्म वा सप्लायर्सहरुले यस न्यायाधिकरणबाट उपलब्ध हुने दरभाउपत्र फारम भरि सोह्रौं दिन भित्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

(१) सौर्य उर्जा प्रणालि जडान र भवन रंगरोगन, इजलास निर्माण तथा केही कक्षहरुको मर्मत लगायत अन्य निर्माण कार्यको स्पेसिफिकेशन एवं विस्तृत विवरण दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

(२) दरभाउपत्र फारम यस सौर्य उर्जा प्रणाली जडान कार्यको र भवन रंगरोगन, इजलास निर्माण तथा केही कक्षहरुको मर्मत लगायत अन्य निर्माण कार्यको छुट्टा छुट्टै दरभाउपत्र पेस गर्नुपर्ने छ । दरभाउपत्र फारम यस न्यायाधिकरणको लेखा शाखा बाट रु.१०००।- (एक हजार) पछि फिर्ता नहुने गरी बुझाई दरभाउपत्र प्रकाशित भएको मितिले पन्ध्रौं दिन सम्म कार्यालय समय भित्र खरिद गर्न पाईनेछ ।

(३) दरभाउपत्र पेश गर्दा कम्पनी दर्ताको प्रमाणपत्र व्यवसाय दर्ताको इजाजतपत्र मु.अ.कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर (Pan) आ.व.२०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्र वा कर विवरणको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

(४) दरभाउपत्र दाताले यस सिलबन्दी दरभाउपत्रमा भाग लिन अयोग्य नभएको, स्वर्थ नबाझिएको र यस पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणा उपलब्ध गर्नुपर्ने छ ।

(५) पेश भएका दरभाउपत्रको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्टबाट ४५ दिनको हुनेछ ।

(६) दरभाउपत्रदाताले धरौटी बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहलको १२०१२००-००१-००२-५२४ धरौटी खातामा जम्मा गरी रकम जम्मा

रजिष्ट्रार

गर्न पठाउने कार्यालयको नाम वैदेशिक रोजगार न्यायाधिकरण कार्यालय कोड ३७१००३५०२ उल्लेख गरेको (रकम जम्मा गर्नुको कारण वा विवरण र कम्पनी वा फर्मको नाम खोल्नुपर्ने छ ) सक्कल भौचर वा सो रकम बराबरको वाणिज्य बैंकले जारी गरेको बिडबण्ड जमानत अनिवार्य रुपले पेश गर्नुपर्ने छ । दरभाउपत्र बुझाउने अन्तिम दिनबाट ७५ दिन भन्दा कम अवधिको बैंक ग्यारेन्टी संलग्न भएको दरभाउपत्र स्वत : रद्द हुनेछ । दरभाउ स्विकृत भएमा बोलकबोल रकमको ५% कार्य सम्पादन जमानत (नगद) दाखिला गरेको भौचर वा बैंक परफरमेन्स ग्यारेनटी पेश गर्नु पर्ने छ ।

(७) दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मिति सोह्रौ दिनको ११.३० बजेसम्म बुझाई सक्नुपर्नेछ र प्राप्त दरभाउपत्रहरु सोही दिन दिनको १.३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस न्यायाधिकरणमा खोलिने छ । यदी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दरभाउपत्रहरु बिना कारण, आंशिक वा पूरा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न्यायाधिकरणमा निहित रहने छ ।

(८) दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन वा खुल्ने दिन बिदा परेमा सोही अनुसार सो को भोलिपल्ट अन्तिम दिन वा खोल्ने दिन कायम हुने छ ।

(९) रीत नपुगी, म्याद नाघी वा कुनै सर्त राखी पेश हुन आएका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन । दरभाउपत्र फारममा उल्लेख गरिएका दरभाउमा अंक र अक्षरमा प्रस्ट बुझिने गरि लेख्नु पर्ने छ । दरभाउपत्रमा अंक र अक्षर फरक परेमा अक्षरमा उल्लेखित दरभाउलाई मान्यता दिईने छ ।

(१०) यो सूचना यस वैदेशिक रोजगार न्यायाधिकरणको वेभसाईटमा पनि हेर्न सकिने छ । यस सम्वन्धमा थप जानकारी लिनु परेमा भण्डार शाखामा सम्पर्क गरि बुझ्न सकिने छ । यसमा लेखिए जतिको हकमा यसै बमोजिम र यस भन्दा बाहेकको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली २०६४ एवं प्रचलित कानून बमोजिम हुने छ ।

देहाय

| दरभाउपत्र सूचना नं. | आपूर्ति गर्नु पर्ने सामान | लागत अनुमान मु.अ.कर बाहेक | न्यूनतम जमानत रु. |
|---|---|---|---|
| १ २०७६/०७७ | सौर्य उर्जा प्रणाली जडान कार्य | ६,७८,२००।- | २०,०००।- |
| २ २०७६/०७७ | भवन रंगरोगन,इजलास निर्माण तथा केही कक्षहरुको मर्मत एवं अन्य निर्माण कार्य | १०,५९,५०२।- | ३२,०००।- |

रजिष्ट्रार